**शेयर बिक्रि गर्दा दुई जना साक्षीसमेतको हस्ताक्षर गराई नोटरी पब्लिकको कार्यालयबाट प्रमाणित गरेको कागजमा लामिछानेले एक लाख ८० हजार थान सेयरबापतको १ करोड ८० लाख रुपैयाँ बुझिलिएको**

१- 15 प्रतिशत सेयर बेच्दा गितेन्द्रबाबु (जीबी) राईसँग १ करोड ८० लाख रुपैयाँ लिएको प्रमाण



लिखितम् चन्द्र लाल लामिछानेको छोरा गोर्खा मिडिया नेटवर्क प्रा.लि का संचालक काठमाडौ जिल्ला काठमाडौं महानगरपालिका वडा नं ६ बस्ने वर्ष को रबि लामिछाने आगे मेरा नाउँमा यस गोर्खा मिडिया नेटवर्क प्रा.लि मा कायम रहेको यस भन्दा अगाडी कोहि कसैलाई कुनै पनि व्यहोराले हक छाडी नदिएको शेयर बमोजिमको शतप्रतिशत रकम चुक्ता भएको नं.१०२०००१ देखी १२००००० सम्मको जम्मा १८०००० थान शेयर बापतको रकम रु. १,८०,००,०००/- अक्षरुपी एक करोड अस्सी लाख मात्र बुझिलिई तपाई यसै प्रा.लि.का शेयरधनी दिपहरी राईको छोरा ओखलढुंगा जिल्ला सुनकोशी गा.पा. वडा नं.१ बस्ने वर्ष को गितेन्द्र बाबु राईलाई सञ्चालक समितिको सहमतीको मञ्जुरीले उल्लेखीत शेयर बिक्रि गरिदिएको छु। उक्त शेयर संचालक समितिबाट आफ्नो नाउँमा कायम गराई आजैका मिति बाट भोगचलन गर्नु। कथम कदाचित उक्त शेयर कच्चा ठहरी तपाईंको नाउँमा नामसारी हुन नसके आज बुझिलिएको रकम फिर्ता गर्ने छु। फिर्ता नगरे मेरो घरघरान चल अचल श्री सम्पत्तीबाट कानुन बमोजिम असुल उपर गरि लिनु भनी मेरो मनोमान खुशी राजी साथ किनारका साक्षीहरुको रोहवर मा यसै गोर्खा मिडिया नेटवर्क प्रा.लि.को कार्यालयमा वसी यो शेयर बिक्रिनामाको लिखत लेखी दायाँ बायाँ सहि छाप गरि तपाई गितेन्द्र बाबु राईलाई दियाँ। इति सम्वत २०७९ साल जेठ ३१ गते रोज ३ शुभम्.

बिक्रिकर्ताको

नाम : रबि लामिछाने

हस्ताक्षर :

दा वा

नोटरी पब्लिकको कार्यालयबाट

यस लिखतमा रहेका साक्षीहरुलाई म राम्रोसँग चिन्दछु। तिनीहरु द्वारा यस लिखतमा सहीछाप गर्ने शेयर विक्रेतालाई सनाखत गरि तिनै विक्रेताले मेरो सामुन्नेमा सहीछाप गरेको ठीक साँचो हो भनि प्रमाणित गर्दछु।

नोटरी पब्लिकको नाम: हुमबहादुर खत्री

प्र.प.नं. ३९९

दस्तखत: -

म्याद समाप्त हुने मिति

नोटरी पब्लिकको छाप: -

मिति २०७९/३/२

कान्तिपुर

2. **शेयर बिक्रिका लागि रवि र जिविले गरेको निर्णय**

## गोर्खा मिडिया नेटवर्क प्रा.लि.

### संचालक समितीको बैठक

यस गोर्खा मिडिया नेटवर्क प्रा.लि.को संचालक समितिको बैठक आज कम्पनीका संचालक श्री गितेन्द्र बाबु राई ज्यूको अध्यक्षतामा कम्पनीको रजिस्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ३, काठमाडौंमा बस्यो । बैठकमा उपस्थिति, प्रस्ताव निर्णयहरु निम्नानुसार रहेका छन् :-

मिति :- २०७९/०३/०१
समय :- बिहानको १०:०० बजे
स्थान :- का.म.न.पा. वडा नं. ३, काठमाडौं ।

| उपस्थिति | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गितेन्द्र बाबु राई | अध्यक्ष | |
| २ | श्री रवि लामिछाने | संचालक | |

**प्रस्तावहरु**

कान्तिपुर कान्तिपुर कान्तिपुर कान्तिपुर कान्तिपुर

१. शेयर खरिद बिक्रिको स्वीकृति दिने बारे ।

२. बिबिध ।

**निर्णयहरु**

१ यसै कम्पनीका शेयर धनी श्री रवि लामिछाने को नाममा कायम रहेको एकलौटी हक भोगमा रहेको प्रति शेयर रु १०० दरको शेयर न. १०,२०,००१ देखि १२,००,००० सम्मको २,००,००० थान शेयर रु १०० दरले ओखलढुंगा जिल्ला सुनकोशी गा.पा.,वडा न.०१ स्थायी घर भइ ऐं बस्ने गितेन्द्र बाबु राई लाई बिक्रि गर्ने सम्बन्धमा यस कार्यालयमा स्वीकृति पाउनका लागि परेको निवेदनलाई अध्ययन गरिए बमोजिम खरिदकर्ता तथा बिक्रिकर्ता दुवै पक्षको खरिद बिक्रिको कारोबारमा ईच्छा भएको तथ्य आजको संचालक समितिको बैठकले ठहर गरेको हुदा उहाहरुको ईच्छा बमोजिम शेयर खरिद बिक्रि कारोवार गर्न सक्ने व्यहोराको स्वीकृति सर्वोसम्मत पारित गरिएको घोषणा गरियो ।

२. बिबिध अन्तर्गत छलफलको अन्य बिषय वस्तु बाँकी नरहेको हुँदा अध्यक्ष ज्यूबाट आजको बैठक समापन भएको घोषणा गरियो ।

कान्तिपुर

३.शेयर विक्रि पश्चात सोहि दिन राजिनामा दिएको।

मिति: २०७९/०३/०१

श्री सचालक समिति,
गोर्खा मिडिया नेटवर्क प्रा.लि.
का.म.न.पा. वडा नं. ३, काठमाडौं ।

बिषयः- राजिनामा स्वीकृत गरी पाउँ बारे ।

महोदय,

उपरोक्त सम्वन्धमा म यसै कम्पनीको शेयर धनी श्री रबि लामिछाने को नाममा कायम रहेको एकलौटी हक भोगमा रहेको प्रति शेयर रु १०० दरको शेयर न. १०,२०,००१ देखि.१२,००,००० सम्मको २,००,००० थान शेयर रु १०० दरले ओखलढुंगा जिल्ला सुनकोशी गा.पा.,वडा न.०१ स्थायी घर भइ ऐ वस्ने गितेन्द्र बावु राईलाई बिक्रि गरी मेरो नाममा कुनै पनि शेयर हक दायित्व बाँकी नरहेको हुदा संचालक समिति समक्ष राजिनामा स्वीकृत गराई पाउन यो निवेदन पेश गरेको छु । साथै कम्पनीको लागि जुन सुकै समयमा पनि आवश्यक सहयोग गर्न तयार रहेको जानकारी गराउन चाहन्छु ।

कान्तिपुर कान्तिपुर कान्तिपुर कान्तिपुर

भवदीय

द.

श्री रबि लामिछाने
शेयर बिक्रिकर्ता
**गोर्खा मिडिया नेटवर्क प्रा.लि.**

Gorkha Media Network Pvt. Ltd.
ESTD: 2020
Kathmandu, Nepal

कान्तिपुर

3. 2079 असार 1 को राजिनामा तथा असार ७ मा रास्वपाको घोषणा पश्चात पनि गोर्खा मिडियाको खाताबाट ७१ लाखको चेक काटेको ।

क. आफ्नै नाममा पनि ९ लाख ८५ हजार ७४९ को चेक काटेर रकम लिएको।उक्त चेक बैंकबाट समेत भुक्तानी भईसकेको,रकम निजले नै बुझेको (मिति बिचार गर्नुहोस)

